## फुङलिङ नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड-७** **संख्या-३** **मिति:२०८०।०३।२४**

## भाग-१
## फुङलिङ नगरपालिका

"फुङलिङ नगरपालिकाको कृषि ऐन २०८०"

## “फुङलिङ नगरपालिकाको कृषि ऐन २०८०”

**सभाबाट स्वीकृत मिति :२०८०।०३।१०**

**प्रस्तावना :** कृषि र पशुपालनलाई व्यावसायिक बनाइ नगरपालिकालाई कृषि तथा पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर बनाउन परम्परागत र पर्यावरणीय कृषि प्रणालीको प्रवर्द्धन गर्दै कृषि योग्य भूमिको अधिकतम सदुपयोग हुने गरी कृषि तथा पशुपन्छीजन्य उत्पादन वृद्धि गरी कृषकको आर्थिक अवस्था सुधार गरी नगर विकास र समृद्धिमा थप टेवा पुऱ्यानको लागि कृषि तथा पशुपन्छी पालन क्षेत्रलाई व्यवस्थित गर्न थप कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी फुङलिङ नगरपालिकाले यो ऐन बनाई लागु गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम “फुङलिङ नगरपालिकाको कृषि ऐन, २०८०” रहेको छ।

(२) यो ऐन नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “कृषक” भन्नाले कृषिलाइ मुख्य पेशा वा व्यवसाय बनाई सो बाटै जीविकोपार्जन गर्ने नागरिक सम्झनु पर्छ। सो सब्दले कृषक समूह, कृषि व्यावसायी, कृषि फार्म र कृषि सहकारी समेतलाई बुझाउनेछ।

(ख) “कृषियोग्य भूमि” भन्नाले कृषि प्रयोजनको लागि प्रयोग हुने, कृषिजन्य तथा पशुपन्छी उत्पादन गर्ने वा प्रचलित कानून बमोजिम कृषि कार्यको लागि निर्धारण गरिएको भूमि सम्झनु पर्छ।

(ग) “कृषि व्यवसाय” भन्नाले दफा १३ मा उल्लेख भए बमोजिमका विषयसँग सम्वन्धित कार्य सम्झनु पर्छ र सो शब्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ।

(घ) “कृषि फार्म” भन्नाले व्यवसायिक प्रयोजनको लागि कृषि तथा पशुपन्छी जन्य वस्तु उत्पादनका लागि दर्ता गरी सञ्चालन गरिएको कृषि फार्म लाई जनाउँछ।

(ङ) “कृषि वस्तु” भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषिजन्य वस्तु र कृषि औजारलाई जनाउँदछ र सो शब्दले कृषि उपज समेतलाई जनाउँछ।

(च) “कृषि बजार” भन्नाले विभिन्न माध्यमबाट कृषि उपजको ग्रेडिङ, प्याकेजिङ, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजारलाई जनाउँछ।

(छ) “खुद्रा बजार” भन्नाले कुनै विक्रेताले उपभोक्तालाई कृषि तथा पशुपन्छी जन्य वस्तु बिक्री गर्ने बजारलाई सम्झनु पर्छ।

(ज) “तोकिएको” वा “तोकिएको बमोजिम” भन्नाले यस ऐन अन्तर्गतको नियममा तोकिए वा तोकिएको बमोजिम सम्झनु पर्छ।

(झ) “थोक बजार” भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि तथा पशुपन्छी जन्य वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई जनाउँछ।

(ञ) "साना किसान" भन्नाले १० (दस) रोपनी सम्म जग्गामा खेति गर्ने, १ देखि ५ वटा सम्म चार खुट्टे ठुला टाउके पशु, १० वटा सम्म चार खुट्टे साना टाउके पशु र ५० वटा सम्म दुइ खुट्टे पन्छी पालन गर्ने कृषकलाई जनाउँछ ।

(ट) "मझौला किसान" भन्नाले १०-२० (दस देखि विस) रोपनी सम्म जग्गामा खेति गर्ने, ५ देखि १० वटा सम्म चार खुट्टे ठुला टाउके पशु, १० देखि ३० वटा सम्म चार खुट्टे साना टाउके पशु र ५० देखि १०० वटा सम्म दुइ खुट्टे पन्छी पालान गर्ने कृषकलाई जनाउँछ ।

(ठ) "ठुला किसान" भन्नाले २० (विस) रोपनी भन्दा बढी जग्गामा खेति गर्ने, १० वटा भन्दा माथि चार खुट्टे ठुला टाउके पशु, ३० वटा भन्दा माथि चार खुट्टे साना टाउके पशु र १०० वटा भन्दा माथि दुइ खुट्टे पन्छी पालान गर्ने कृषकलाई जनाउँछ ।

(ड) "कौसी खेति" भन्नाले घरको बार्दली तथा छतमा लगाइएको अन्न, तरकारी, मसला, फुलजन्य वालीको खेति गर्ने सम्झनु पर्छ ।

(ढ) "बिक्रेता" भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई जनाउँछ ।

(ण) "संकलन केन्द्र" भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले छोटो समयको लागि कृषि उपज संकलन गरेर विक्रेतालाई विक्री गर्ने संकलन केन्द्रलाई जनाउँछ ।

(त) "हाट बजार" भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्देश्यले नगरपालिकाबाट स्वीकृत लिई सञ्चालन भएको हाट बजारलाई जनाउँछ ।

(थ) "पशुपन्छी" भन्नाले गाइ, गोरु, साँढे, भाले जातको खसी तुल्याएको वा नतुल्याएका बोका, भेडा, च्याङग्रा, सुँगुर, बँदेल, राँगो वा खरायो मासुको लागि योग्य देखिएको भैसी, बाख्रा, पोथी जातको भेडा, च्याङग्रा, सुँगुर, बँदेल, राँगो वा खरायो सम्झनु पर्छ र सो शब्दले पोथी जातको कुखुरा, हाँस, परेवा, टर्की वा मासुको प्रयोजनको लागि पालिएका अन्य अन्य पशुपन्छीसमेत सम्झनु पर्छ।

(द) "कृषि" भन्नाले अनुसूची (२) मा उल्लेख भए बमोजिमका बिषयसँग सम्वन्धित कृषिकार्यलाई सम्झनु पर्दछ र सो शव्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ ।

## परिच्छेद-२
## किसान तथा कृषि योग्य भूमिको तथ्यांक सङ्कलन

३. **<u>कृषि तथ्याङ्क सङ्कलनः</u>** (१) नगरपालिकाले देहाय बमोजिमका विवरण सहितको तथ्याङ्क सङ्कलन गरी अभिलेख राख्नेछ।

(क) नगरपालिका क्षेत्र भित्रका कृषक, कृषक समूह, कृषि फार्म, कृषि सहकारी, कृषि कम्पनि।

(ख) कृषि उपज भण्डारण, प्रशोधन र बजारीकरणको अवस्था।

(ग) कृषि योग्य भुमि।

(घ) खेति योग्य बाँजो रहेको भुमि।

(ङ) कृषि तथा पशुजन्य उत्पादन।

(च) कृषि औजार र प्रविधिको प्रयोग।

(छ) कृषि सेवा प्रदायक संस्था।

(ज) कृषि तथा पशुपालन सम्बन्धि परामर्श, तालिमहरु, गोष्ठी।

(२) उपदफा (१) बमोजिमका तथ्याङ्क सङ्कलनका लागि नगरपालिकाले अध्यावधिक गर्नेछ।

## परिच्छेद-३
## कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था

४. **<u>कृषि व्यवसाय प्रवर्द्धन समितिः</u>** (१) कृषि क्षेत्रको समग्र विकास तथा प्रवर्द्धन लगायतका कार्य गर्न फुङलिङ नगरपालिकामा एक कृषि व्यवसाय प्रवर्द्धन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका सदस्यहरु रहने छन् :

| | |
|---|---|
| (क) आर्थिक विकास समितिको संयोजक | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत सदस्य | सदस्य |
| (ग) कार्यपालिकाको सदस्य १ जना | सदस्य |
| (घ) नगरपालिकास्तरीय खाद्य सुरक्षा समितिको संयोजक वा प्रमुख | सदस्य |
| (ङ) कार्यपालिकाले छानेको विज्ञ १ जना | सदस्य |
| (च) व्यवसायिक किसानमध्ये कार्यपालिकाले छानेको १ जना | सदस्य |
| (छ) नगरपालिकाको कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उप-समितिहरु गठन गर्न सक्नेछ।

(६) समितिको सचिवालय नगरपालिकाको कृषि क्षेत्र हेर्ने विभाग, वा शाखामा रहनेछ।

**५. <u>समितिको काम, कर्तव्य र अधिकार:</u>** यस ऐनमा अन्यत्र व्यवस्था भएदेखि वाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) स्थानीयस्तरमा कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने,

(ख) कृषि व्यवसाय प्रवर्द्धन गर्न संघीय तथा प्रादेशिक निकायसँग समन्वय र सहकार्य गर्ने,

(ग) कृषि व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,

(घ) कृषि व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा कार्यक्रम सञ्चालन गर्ने,

(ङ) कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न प्रवर्द्धनात्मक कार्यहरु गर्ने,

(च) कृषि व्यवसाय प्रवर्द्धन कोषको सञ्चालन गर्ने,

(छ) कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्ने,

(ज) कृषि फार्मको लागी न्यूनतम मापदण्ड तोक्ने,

(झ) ठाउँ र सम्भाव्यताको अनुसारको पकेट क्षेत्र घोषणा गर्ने,

(ञ) कृषि तथा पशुपंक्षीजन्य प्राकृतिक प्रकोष तथा महामारी नियन्त्रण सम्वन्धी कार्य गर्ने,

(ट) पशुपंक्षी चिकित्सा सेवाको व्यवस्थापन र कृषि वातावरण संरक्षण तथा जैविक विधताको संरक्षण र प्रवर्द्धन,

(ठ) उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण गर्ने,

(ड) पशु बधशाला र शीत भण्डारण तथा कोल्ड स्टोरको व्यवस्थापन र नियमन,

(ढ) कृषि पशुपंक्षी सम्बन्धी बीमा र कर्जा सहजिकरण,

(ण) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने।

## परिच्छेद-४
## किसान पहिचान र वर्गीकरण सम्बन्धी व्यवस्था

**६. <u>किसानको पहिचान:</u>** (१) नगरपालिकाले कृषि कार्यमा संलग्न किसानको तोकिए बमोजिम गणना गरी पहिचान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पहिचान भएका किसानलाई दफा ७ बमोजिमको आधारमा वर्गिकरण गरी किसान परिचयपत्र प्रदान गर्नु पर्नेछ।

**७. <u>किसानको वर्गिकरण:</u>** (१) नगरपालिकामा क्षेत्र भित्रका किसानहरुलाई देहाय बमोजिम वर्गीकरण गरिनेछ :

(क) साना किसान,

(ख) मझौला किसान,

(ग) ठुला किसान।

(२) दफा ७ को (१) बमोजिम किसानहरु वर्गीकरणको मापदण्ड अनुसूची-१ अनुसार हुनेछ।

## परिच्छेद-५
## कृषि समुह, फार्म र कम्पनि दर्ता गर्नु पर्ने

**८. कृषक समूह गठन र सञ्चालनः** (१) नगरपालिकामा फार्म दर्ता भएका भन्दा अन्य किसानले आफ्नो सामूहिक हित र व्यवसायीकरणका लागि निश्चित क्षेत्रका हरेक किसान परिवारबाट प्रतिनिधित्व हुनेगरि कृषि व्यावसाय गर्नको लागि समूह गठन र सञ्चालन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठन र सञ्चालन हुने कृषक समूहको दर्ता र सञ्चालन प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**९. कृषि तथा पशुपन्छी सहकारी सस्थाः** (१) नगरपालिका भित्रका कृषि व्यवसायीहरुले सामुहिक रुपमा कृषि तथा पशुपन्छी जन्य व्यवसाय गर्नका लागि कृषि सहकारी संस्था दर्ता गरी सञ्चालन गर्न सक्नेछन् ।

(२) कृषि सहकारी संस्था दर्ता र सञ्चालन संघिय कानुन र नगरपालिकाको नियम बमोजिम हुनेछ ।

**१०. कृषि फार्म वा कम्पनिः** (१) फुङलिङ नगरपालिका ठेगाना भइ सम्बन्धित निकायमा दर्ता भएका कृषि फार्म वा कम्पनि यस नगरपालिकामा कृषि तथा पशुपन्छी व्यवसाय दर्ता तथा नवीकरण सम्वन्धी कार्यविधि २०७७ अनुसार दर्ता तथा नवीकरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता हुने फार्म (कम्पनि) को दर्ता प्रक्रिया तोकिए बमोजिम हुनेछ।

**११. दर्ता कायम हुने**: यो ऐन लागु हुनु भन्दा अगाडी दर्ता भएका कृषि समुह, फार्म र कम्पनिहरु यसै बमोजिम दर्ता भएको मानिनेछ। यो ऐन बमोजिम मापदण्ड पुरा नभएका व्यवसायीले ऐन लागु भएको एक वर्ष भित्र मापदण्ड पुरा गर्नु पर्नेछ।

## परिच्छेद-६

## कृषि भुमिको वर्गिकरण, संरक्षण र उपयोग सम्बन्धी व्यवस्था

१२. **कृषि भूमिको वर्गीकरणः** (१) नगरपालिकाले सम्बन्धित विषय विज्ञ तथा सरोकारवालाको परामर्शमा नगरपालिकाको देहाय बमोजिम कृषि तथा पशुपन्छी पकेट क्षेत्र घोषणा गर्न सक्नेछ।

(क) अन्न वालि,

(ख) तरकारी वालि,

(ग) नगदे वालि,

(घ) फलफुल वालि,

(ङ) पशुपन्छी पालन,

(च) तेलहन वालि,

(छ) मसला वालि,

(ज) च्याउ खेति,

(झ) माहुरी।

(२) उपदफा (१) बमोजिम कृषि भूमिको वर्गीकरण अनुसार गरिने कृषि व्यवसाय प्रवर्द्धन गर्नलाई नगरपालिकाले सहयोग गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम कृषि तथा पशुपन्छी पकेट क्षेत्र घोषणा गर्दा जमिनको क्षेत्रफ़ल नगरपालिकाले तोके बमोजिम हुनेछ।

१३. **कृषि व्यवसाय:** यस ऐनको प्रयोजनका लागि देहाय बमोजिमका कार्यलाई कृषि व्यवसाय कार्यको रुपमा लिइनेछ :

(क) स्थानीय रैथाने तथा उन्नत जातका अन्नवालिको उत्पादन।

(ख) दैनिक उपभोगका तरकारीहरु उत्पादन गर्ने कार्य।

(ग) नगदे वालीको उत्पादन गर्ने कार्य।

(घ) विभिन्न जातका फलफुलहरु उत्पादन गर्ने कार्य।

(ङ) स्थानीय तथा उन्नत जातका मासुजन्य, दुग्दजन्य, महजन्य, ऊनजन्य तथा पर्यटकीय प्रयोजनको लागि विभिन्न पशुपन्छी पालन गर्ने कार्य।

(च) जडीबुटी खेति, फुल, घाँस उत्पादन र विरुवा उत्पादन तथा कृषि वन सञ्चालन।

(छ) कृषि कार्यका लागि आवश्यक पर्ने दाना, मलखाद, जैविक विषादी, बीउ, बेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण (बजारीकरण) आदिको उत्पादन।

(ज) कृषिजन्य वस्तुको प्रशोधन तथा विविधिकरण।

(झ) पशु बधस्थल, मासुजन्य वस्तु विक्री वितरण।

१४. **कृषि भूमिको संरक्षणः** (१) कृषि व्यवसायका लागि पहिचान भएका कृषि भूमिको संरक्षण गर्नु पर्नेछ।

(क) कृषि भूमिलाई कृषि बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्नमा निरुत्साहित गर्ने।

(ख) कृषि भूमिको ऊर्वरता शक्ति घटाउने, माटोको गुणस्तर ह्रास हुने, कृषि जैविक विविधता नष्ट हुने तथा मानव स्वास्थ्य, पशुपन्छी लगायतका प्राणीलाई गम्भीर असर गर्ने खालका रासायनिक मल वा विषादी प्रयोग गर्न पाइने छैन।

(ग) प्राङ्गारिक मलको प्रयोग र पर्यावरणमैत्री कृषिलाई प्रवर्द्धन गरी जैविक कृषि उत्पादन बढाउन प्रोत्साहन गर्ने।

(घ) बहुवर्षिय र चक्रिय बाली लगाई भूमिको उत्पादकत्वमा वृद्धि ल्याउने सहयोग गर्ने।

(ङ) कृषि भूमिलाई बाढी पहिरो तथा नदी कटानबाट जोगाउन क्षयीकरण नियन्त्रण, पानीको उपयुक्त निकाश, तटबन्ध तथा गल्छी निर्माण, भिरालो जमिनमा गराखेति र आवश्यकता अनुसार कृषि वन प्रणाली अवलम्बन गर्नु पर्नेछ।

(च) विकास आयोजनालाई वातावरणीय अध्ययन प्रतिवेदन अनुसार कृषि जमिनको कम क्षति हुनेगरी सञ्चालन गर्नु पर्नेछ।

(छ) कृषि कार्यका लागि जमिनको चक्लाबन्दी गराउन र कृषि जमिन बाझो नराखी नियमित रुपमा खेति गर्नका लागि प्रोत्साहन गर्ने।

(ज) कृषि भूमि संरक्षणका लागि आवश्यक स्रोत साधन सहित आवधिक रुपमा बजेट विनियोजन गरी संरक्षणका कार्यक्रम सञ्चालन गर्ने।

(झ) कृषि भुमि बाँझो राख्नु हुदैन।

(२) बाढी पहिरो लगायतका दैवि प्रकोपबाट कुनै किसानको कृषि भूमिको गुणस्तर ह्रास भएमा वा कृषिभूमि क्षति भएमा उक्त कृषि भूमिको उकासका लागि सम्बन्धित किसानलाई नगरपालिकाबाट प्राविधिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउन सकिनेछ।

(३) बाढी पहिरो लगायतका दैवि प्रकोपका कारण कुनै किसानको कृषिभूमि उकास हुन नसक्ने गरी क्षति भएमा सो वापत जमिनको आर्थिक मूल्याङ्कन र किसानको जीविकाको विकल्प समेत मध्यनजर गरी नगरपालिकाबाट प्रभावित किसानलाई क्षतिपूर्ती उपलब्ध गराउन सकिनेछ।

**१५. <u>सामुहिक खेतिः</u>** नगरपालिका क्षेत्रभित्र कुनै कृषक, कृषि समूह, कृषि सहकारी संस्था तथा फार्म (कम्पनीले) व्यवसायिक रुपमा समुहिक खेति गर्न सक्नेछन।

**१६. <u>भुमि लिजमा लिन सक्ने:</u>** (१) कृषि व्यवसायिकले कृषि योग्य जमिन लीजमा लिएर खेति गर्न सक्नेछन।

(२) बाँझो रहेका खेति योग्य भुमिलाई नगरपालिकाले लिजमा लिई खेति गर्न गराउन सक्नेछ।

(३) उपदफा (१) र (२) अनुसार कृषि योग्य जमिन लीजमा लिदा वर्षीय वालिको लागि न्यूनतम ७ वर्ष र बहुवर्षीय वालिको लागि न्युनतम २० वर्षको अवधि हुनु पर्नेछ।

## परिच्छेद-७

## कृषि सम्बन्धी सूचना, प्राविधिक ज्ञान र सीप सम्बन्धी व्यवस्था

१७. **कृषि सिकाई केन्द्र स्थापना गर्न सकिनेः** (१) नगरपालिकाले कृषि कार्यका लागि वडा कार्यालयमा प्रविधि र प्राविधिक जनशक्ति सहितको कृषि सिकाइ केन्द्र स्थापना गर्न सक्नेछ।

(२) कृषि तथा पशुपन्छी विकास शाखाले कृषि सिकाई केन्द्रमार्फत किसानलाई कृषि कार्यका लागि आवश्यक प्राविधिक सहयोग र प्रविधि तथा सूचना प्रवाह गर्नेछ।

१८. **कृषिसम्बन्धी सूचनामा पहुँचः** (१) कृषि सम्बन्धी सूचनामा कृषकको सहज पहुँचका लागि नगरपालिकाले कृषि सूचना केन्द्र स्थापना गरी सञ्चालन गर्न सक्नेछ।

(२) कृषि सूचना केन्द्रले कृषिसँग सम्बन्धित सूचनाहरु प्रकाशन गर्नेछ।

१९. **कृषिसम्बन्धी प्राविधिक ज्ञान तथा सीप वृद्धिः** (१) कृषिलाई व्यवसायिक रुपमा प्रवर्द्धन गर्नका लागि नगरपालिकाले आफै वा विभिन्न निकायको समन्वयमा प्रत्येक वडा कार्यालयमा कृषि तथा पशुपन्छी प्राविधिकको व्यवस्था गर्न सक्नेछ।

(२) नगरपालिकाले कृषकलाई सामुहिक रुपमा प्राविधिक ज्ञान र सीप विकासका लागि आफै वा सेवा प्रदायक संस्थाको माध्यमबाट समुदायस्तरमा तालिम सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद-८

## कृषि व्यवसाय प्रवर्द्धनका लागि वित्तीय प्रोत्साहन सम्बन्धी व्यवस्था

२०. **कृषि व्यवसायको प्रवर्द्धन गर्न सकिने:** (१) कृषि सम्बन्धी व्यवसाय प्रवर्द्धनका लागि नगरपालिकाले देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछ :

(क) नगरपालिकाले उन्नत जातका विउ, विजन, विरुवा, मल खाद, किटनासक औषधि, वितरण गर्न सक्नेछ ।

(ख) पशुपन्छी पालनको लागि उन्नत जातका नस्ल सुधार, गोठ तथा खोर सुधारका लागि अनुदान उपलब्द गराउन सक्नेछ ।

(ग) कृषकलाई सहुलियत दरमा ऋण उपलब्ध गराउन र कृषि ऋणको ब्याज अनुदान उपलब्ध गराउन वित्तीय संस्था र बैंकमा सिफारिस गर्न सक्नेछ ।

(घ) उत्कृष्ट कृषि व्यवसायी किसान तथा कृषक समूह वा कृषि सहकारी संस्था छनौट गरी पुरस्कार तथा छुट सहुलियत प्रदान गर्न सक्नेछ ।

(ङ) कृषि तथा पशुपन्छी जन्य उत्पादन, भण्डारण, प्रशोधन र बजार व्यवस्थापनको लागि आवस्यक तालिम तथा औजार उपलब्द गराउन सक्नेछ ।

(च) कृषि तथा पशुपन्छी व्यवसायका लागि प्राविधिकहरु उपलब्द गराउन सक्नेछ ।

(छ) व्यवसाय प्रवर्द्धनका लागि आवश्यक पर्ने ढुवानी साधन, यान्त्रिक उपकरण, हाट बजार, संकलन केन्द्र र शित भण्डारण केन्द्र आदिका लागि अनुदान उपलब्द गराउन सक्नेछ ।

(ज) कृषि कार्यका लागि महिलामैत्री यन्त्र, उपकरण र बजार व्यवस्थापनमा अनुदान उपलब्द गराउन सक्नेछ ।

(झ) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका खेतीयोग्य कृषि भूमिमा सतह सिंचाइ, लिफ्ट सिंचाइ वा अन्य प्रविधिको प्रयोग गरी आवश्यकता अनुसार सिंचाइको प्रवन्ध गर्न सक्नेछ।

(ञ) कृषि पर्यटन व्यवसाय सञ्चालनमा अनुदान सहयोग गर्न सक्नेछ ।

(ट) अन्य अत्यावश्यक अनुदान तथा सुविधाहरु उपलब्द गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका छुट तथा अनुदान प्रदान गर्दा किसानको वर्गिकरण र कृषक परिचय पत्रलाई आधार मानी वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी गर्नु पर्नेछ ।

(३) स्थानीय कृषि वस्तु तथा पशुपन्छीजन्य उत्पादनमा उल्लेखनीय योगदान गर्ने किसानलाई निश्चित् परिमाणको कृषि वस्तु तथा पशुपन्छी उत्पादन पश्चात् अनुदान प्रदान गर्ने गरी उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

२१. **कृषि बाली तथा पशुपन्छी बीमाः** नगरपालिकाले कृषि व्यवसायीहरुको व्यवसायिक सुनिस्चितताका लागि बीमाको व्यवस्था गर्न सक्नेछ ।

२२. **कृषि व्यवसाय प्रवर्द्धन कोष:** (१) कृषि व्यवसाय प्रवर्द्धनका लागि नगरपालिकामा कृषि व्यवसाय प्रवर्द्धन कोषको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषमा देहाय बमोजिमका रकम जम्मा हुनेछ :

(क) नगरपालिकाबाट वार्षिक बजेटमार्फत विनियोजन भएको रकम,

(ख) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नेपाल सरकारको अनुमतिमा विदेशी सरकार र अन्तराष्ट्रिय सङ्घ संस्थासँग सम्झौता गरी कृषि व्यावसाय प्रवर्द्धनका लागि उपलब्ध भएको रकम,

(घ) आर्थिक ऐन बमोजिम सङ्कलन गरिने कृषि सेवा शुल्कको कम्तिमा पन्ध्र प्रतिशत रकम,

(ङ) कृषि व्यवसायीबाट जम्मा भएको रकम ।

(३) कृषि व्यवसाय प्रवर्द्धन कोष सञ्चालनको लागि कार्यपालिकाले एक सञ्चालक समिति गठन गर्न सक्नेछ।कोष सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२३. **सामुदायिक बीउ बैंक स्थापना गर्न सकिनेः** (१) नगरपालिका क्षेत्रभित्र रहेका कृषक समूहले स्थानीय स्तरमा एकल वा सामूहिक रुपमा पर्यावरण र जलवायुमैत्री किसिमको सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) सामुदायिक बीउ बैंकको सञ्चालन र व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

२४. **कृषि उपजको भण्डारण र प्रशोधनः** (१) नगरपालिकाले उत्पादित कृषि उपजको भण्डारण तथा प्रशोधनका लागि शीत भण्डार, चिस्यान केन्द्र, सङ्कलन केन्द्र, भण्डारण कक्ष, प्रशोधन केन्द्र निर्माण गरी किसानले सहुलियत दरमा उपयोग गर्न पाउने गरी सञ्चालनमा ल्याउन सक्नेछ ।

## परिच्छेद-९
## कृषि संकलन केन्द्र र बजार व्यवस्थापन

२५. **कृषि संकलन केन्द्र:** नगरपालिकाले आफ्नो क्षेत्रभित्र किसानहरुबाट उत्पादित वस्तुहरुको संकलन केन्द्र स्थापना गरी सञ्चालन गर्न सक्नेछ ।

२६. **कृषि बजार:** नगरपालिकाले किसानहरुबाट उत्पादित वस्तुहरुको विक्री वितरणको लागी नगरपालिका क्षेत्रमा कृषि बजारको व्यवस्था गर्न सक्नेछ ।

२७. **गुणस्तर निर्धारण प्रणाली:** कृषि व्यवसायीद्वारा उत्पादित वस्तुको परिमाण अभिलेख राखी गुणस्तर प्रमाणीकरण गर्ने व्यवस्था गरिनेछ ।

२८. **मूल्य निर्धारण गर्न सक्ने**: (१) नगरपालिकाले कृषि उपजको न्यूनतम् मूल्य तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कृषि उपजको न्यूनतम् मूल्य तोक्दा छिमेकी स्थानीय तहमा रहेको कृषि उपजको न्यूनतम् मूल्य तथा बजार मूल्यलाई समेत ध्यान दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम न्यूनतम मूल्य तोक्दा कृषि व्यावसायी र सरोकारवालासँग परामर्श गर्नेछ ।

(४) नगरपालिकाले कृषकहरुलाइ बजारसम्म पहुच पुर्याउनका लागि कृषि उपज ढुवानीमा आवश्यक सहजीकरण गर्न सक्नेछ ।

२९. **पशुपन्छी अस्पताल स्थापना गर्न सक्ने**: नगरपालिकाले किसानलाई पायक पर्ने स्थानमा आवश्यक ल्याव र प्रविधि सहितको पशुपन्छी अस्पताल स्थापना र सञ्चालन गर्न आवश्यक प्रवन्ध गर्न सक्नेछ ।

## परिच्छेद-१०
## कृषि पर्यावरण तथा कृषि जैविक विविधता संरक्षण सम्बन्धी व्यवस्था

**३०. सिंचाइका स्रोतहरुको संरक्षणः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्राकृतिक रुपमा रहेका जलाधार, सिमसार, पानीको मुहान, पोखरी, नदीनाला, पुराना राजकूलो, परम्परागत कूलो, बाँध आदिको संरक्षण, मर्मत सम्भार र जिर्णोद्धार गरी सिंचाइका लागि सञ्चालनमा ल्याउनु पर्नेछ ।

**३१. माटो परीक्षणको व्यवस्थाः** नगरपालिका भित्र कृषि कार्यक्रम सञ्चालन गर्नका लागि तथा तुलनात्मक लाभका कृषि वस्तु उत्पादनका लागि कृषि पकेट क्षेत्र छुट्याउनु भन्दा पहिले माटो परीक्षण गर्नु पर्नेछ ।

**३२. कृषि पर्यटनः** नगरपालिकाले किसानलाई कृषि पर्यटन प्रवर्द्धन हुने गरी प्राकृतिक रुपमा कृषि कार्य सञ्चालन गर्न प्रोत्साहन गर्नेछ।

## परिच्छेद-११
## दण्ड सजाय

**३३. दण्ड सजायः** (१) देहाय बमोजिमका कसुर गरेमा देहाय बमोजिम सजाय हुनेछ :

(क) कृषि भूमिको ऊर्वरता शक्ति घटाउने, माटोको गुणस्तर ह्रास हुने, कृषि जैविक विविधता नष्ट हुने तथा मानव स्वास्थ्य, पशुपन्छी लगायतका प्राणीलाई गम्भीर असर गर्ने खालका रसायनिक मल वा विषादी प्रयोग गरेमा रु. ५०,००० (पचास हजार) सम्म जरिमाना गरिनेछ ।

(ख) विकास आयोजनालाई वातावरणीय अध्ययन प्रतिवेदनको अनुसरण नगरी कृषि जमिनको क्षति हुनेगरी सञ्चालन गरेमा क्षति पूर्ति भराई रु. २५,००० (पचिस हजार) सम्म जरिमाना गर्न सकिनेछ ।

(ग) कृषि अनुदान तथा सहयोगको दुरुपयोग गरेमा दुरुपयोग गरे भएको औजार वा रकमको बिगो भराई रु. २५,००० (पचिस हजार) सम्म जरिमाना हुनेछ ।

(घ) उमारशक्ति नभएका, फल दिन नसक्ने किसिमका, सूचित नभएका र लेबल नभएका बीउ बीजन विक्री वितरण गरी किसानलाई हानी नोक्सानी पुऱ्याएमा सो विक्री वस्तुको मूल्य असुल उपर गरी रु. ३०,००० (तिस हजार) सम्म जरिवाना गर्न सकिनेछ ।

(ङ) कृषि तथा दुध र मासुजन्य उत्पादनमा मिसावट गरी गुणस्तर ह्रास स्वास्थ्यमा प्रतिकुल असर पुर्याउने कार्य गरे गराएमा रु. ५०,००० (पचास हजार) सम्म जरिवाना हुनेछ ।

(च) खाद्य मापदण्ड विपरित गुणस्तरहिन कृषि तथा पशुपन्छीजन्य वस्तु उत्पादन तथा वितरण गरेमा त्यस्ता समान जफत गरी रु. १,००,००० सम्म जरिमाना हुनेछ ।

## परिच्छेद-१२
## विविध

३४. **मुद्दा चलाउने तथा दण्ड सजाय गर्ने:** यस ऐन बमोजिमको मुद्दा हेर्ने अधिकार नगरपालिका न्यायिक समितिमा हुनेछ।

३५. **कृषक सम्मान तथा पुरस्कार**: कृषि उत्पादन तथा कृषि औजारको प्रदर्शनी तथा कृषि मेलाको आयोजना गरिनेछ। उत्कृस्ट कृषि व्यवसायीलाई सम्मान एवम् पुरस्कार प्रदान गरी कृषकलाई प्रोत्सान गरिनेछ।

३६. **कौसी खेति:** बजार क्षेत्रमा तरकारी र मसला जन्य उत्पादनमा सहयोग पुग्नका साथै बजार क्षेत्रको सौन्दर्यतामा सहयोग पुग्ने गरी बजार क्षेत्रमा बनेका घरका कौसी, करेसा बारीमा तरकारी तथा मसलाजन्य र फुल वाली लगाउन प्रोत्साहित गरिनेछ।

३७. **कृषि फार्म दर्ता नहुने**: नगरपालिकाले सहरी तथा बजार क्षेत्र भनि तोकेको क्षेत्र भित्र ठेगाना भइ कृषि फार्म दर्ता हुने छैन।

३८. **अधिकार प्रत्यायोजन गर्न सकिने**: यस ऐन बमोजिम कार्यपालिकालाई प्राप्त अधिकार कुनै विषयगत समिति वा प्रमुखलाई प्रत्यायोजन गर्न सकिनेछ।

३९. **नियमावली, निर्देशिका वा कार्यविधि बनाउन सक्ने**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

४०. **पोषण बगैचा कार्यक्रम सञ्चालन गर्न सक्ने :** घर घरमा पोषण बगैचा कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्न सकिनेछ।

४१. **यसै बमोजिम भएको मानिने**: नगरपालिकाबाट यस अघी र यस विषयसँग सम्वन्धित बनेका कार्यविधि तथा मापदण्ड यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

४२. **बाझिएमा स्वतः निस्कृय हुने**: यो ऐन वा यस ऐनमा गरिएका व्यवस्था सङ्घीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थासँग बाझिन गएको अवस्थामा बाझिएको हदसम्म यो ऐनमा रहेका व्यवस्था स्वतः निष्कृय वा खारेज भएको मानिनेछ।

## अनुसुची-१
## दफा ७ को उपदफा (१) सँग सम्वन्धित

| किसानको प्रकार | जमिनको आकार (रोपनीमा) | चार खुट्टे ठुला टाउके | चार खुट्टे साना टाउके | दुइ खुट्टे |
|---|---|---|---|---|
| साना किसान | १० सम्म | १ देखि ५ वटा | १० वटा सम्म | ५० वटा |
| मझौला किसान | १० देखि २० सम्म | ५ देखि १० वटा | १० देखि ३० सम्म | ५० देखि १०० वाट |
| ठुला किसान | २० भन्दा माथि | १० भन्दा माथि | ३० भन्दा माथि | १०० वटा भन्दा माथि |

## अनुसुची-२
## दफा १ को (द) सँग सम्वन्धित

(१) खाद्यान्न बाली,

(२) वागवानी जन्य : फलफुल, तरकारी, मसलाबाली, पूष्प वाली,

(३) पशुपन्छी,

(४) माछा, मासु, दुध, फुल, हाड, छाला, ऊन,

(५) च्याउ,

(६) मौरी, रेशम,

(७) चिया, कफी, अलैची, सुपारी, घाँसेवाली,

(८) तेलहन, दलहन,

(९) कपास, जटु, उखु, रबरखेती, टिमुर,

(१०) कृषि पर्यटन,

(११) कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र सो शब्दले औधोगिक प्रयोजनमा हुने कृषिवस्तुहरु,

(१२) कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग,

(१३) कृषि तथा पशुजन्य उत्पादन सामग्री (दाना, मलखाद्य, विषादी, औषधी) आदिको प्रशोधन उद्योग)

(१४) खेती प्रणालीमा समाबिष्ट कृषि तथा पशुजन्य बस्तुहरु।

**समाप्त**

आज्ञाले
तिलोचन रिमाल
प्रमुख प्रशासकीय अधिकृत